# वैदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहल, काठमाडौंबाट प्रदान हुने गम्भीर विरामी/अंगभंग तथा पारिवारिक स्वास्थ्य उपचार सम्बन्धमा

## अत्यन्त जरुरी सूचना

नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालय

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३३ को उपदफा (ख) मा कामदारलाई अंगभंग वा विरामी बापत क्षतिपूर्ति दिन र निजको परिवारलाई आर्थिक सहयोग प्रदान गर्न वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग गरिने व्यवस्था रहेको साथै वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २८ मा वैदेशिक रोजगारमा गएको कामदारको करार अवधिको वा करार अवधि समाप्त भएको १ वर्षभित्र कुनै कारणले अंगभंग भएमा वा गम्भीर विरामी भएमा त्यस्तो कामदार विदेशमा अंगभंग वा गम्भीर विरामी भएमा सो को १ वर्ष भित्र आर्थिक सहायताको लागि बोर्ड समक्ष (स्थानीय तह मार्फत समेत) निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । उल्लेखित कानूनी प्रावधानको अधिनमा रही देहायका विषयमा स्पष्ट ध्यान दिन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

<u>देहायः</u>

१. वैदेशिक रोजगारमा गएको कुनै पनि कामदारको करार अवधिमा वा करार अवधि समाप्त भएको १ वर्षभित्र विदेशमै गम्भीर विरामी/अंगभंग भएमा नेपाल फर्किएको १ वर्षभित्र र यदि नेपाल फर्किएपछि गम्भीर विरामी/अंगभंग भएमा उक्त मितिले १ वर्षभित्र निवेदन दिनुपर्ने ।

२. सकेसम्म आफ्नो पालिकाको रोजगार सेवा केन्द्र मार्फत निवेदन पेश गर्नुहुन ।

३. कुनै पनि कामदार अंगभंग भएमा वा गम्भीर रोगहरु (मुटु रोग, मृगौला रोग, क्यान्सर रोग, अल्जाइमर रोग, पार्किन्सन रोग, हेड ईन्जुरी, स्पाईनल ईन्जुरी र सिकलसेल एनिमिया रोग) लागेमा मात्र आर्थिक सहायता प्रदान गरिने ।

४. पारिवारिक स्वास्थ्य उपचार खर्च अन्तर्गत पाँच प्रकारका कडा रोगहरु (मुटु, मृगौला, क्यान्सर, अल्जाइमर र पार्किन्सन) का लागि मात्र उपचार खर्च प्रदान गरिने । (जसका लागि कुनै पनि कामदार पछिल्लो पटक प्रस्थान भैसकेपछि करार अवधि भित्र निजको परिवार विरामी भएको देखिने रिपोर्टहरु सहित १ वर्षभित्र निवेदन दर्ता गरिसक्नुपर्ने) ।

५. यस प्रकार (कामदार र पारिवारिक स्वास्थ्य) का आर्थिक सहायता एकपटक मात्र उपलब्ध गराइने छ ।

६. स्थानीय तहमा दर्ता हुने निवेदनको हकमा सम्बन्धित वडामा नै अनिवार्य सनाखत सिफारिस बनाई कागजात संलग्न गरी पठाउनुपर्ने ।

मितिः वि.सं. २०८३/०४/२६ गते, मङ्गलबार ।

ने.सं. ११४६

शाखा अधिकृत